# पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्वका लागि (आर्थिक वर्ष २०८१/०८२) को 'सार्वजनिक सुनुवाइ' को प्रतिवेदन

सार्वजनिक सुनुवाइ गरिएको निकाय : ढकारी गॉउपालिका, अछाम

- वडा नम्वर : १,२,३,४,५,६,७,८
- र, गाउँपालिका स्तरिय समेत ।


**सहजकर्ता** : ध्रुव बीसी, पत्रकार

**आवद्धता** : नयाँ पत्रिका राष्ट्रिय दैनिक/रेडियो सोसाइटी एफएम र सोसाइटी टिभी

**सम्पादक प्रमाणपत्र प्राप्त मिति** : २०७९/१०/०९

**प्रमाणपत्र दिने निकाय** : नेपाल सरकार सञ्चार तथा सुचना प्रविधि मन्त्रालय
सुचना तथा प्रशारण विभाग

## उद्देश्यः

ानीय तहबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक सुनुवाइ मार्फत र्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा प्रत्यक्ष भेटेर, टेलिफोनमा र अन्य माध्यम प्रयोग गरी वाग्राही नागरिकले उठाएका प्रश्नमा जनप्रतिनिधि, कर्मचारी तथा अन्य सम्बन्धित व्यक्ति मार्फत स्पष्टता याउन र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्दै जिम्मेवार संस्कार बसाउने यो कार्यक्रम ारिएको हो। यो सार्वजनिक सुनुवाइका निम्न विशिष्ट उद्देश्यहरू समेत रहेका थिए।

- सार्वजनिक प्रशासनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न
- सार्वजनिक पदाधिकारीको स्वेच्छचारिता नियन्त्रण गर्न
- सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राख्न
- सेवा-प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न
- शासन प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न
- विगतका गल्ती, कमजोरीको समीक्षा गरी पुनः दोहोरिन नदिन
- सेवाग्राही र सेवा-प्रदायकबीच विश्वासको वातावरण सिर्जना गर्न
- सेवा-प्रवाहमा जनसहभागिता र नागरिक चासो बढाउन
- बढ्दै गइरहेको भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्न
- सेवा-प्रदायक निकायलाई आफ्नो काम-कारबाहीबारे सचेत र जवाफदेही बनाउन
- नागरिकको सूचनाको हकको प्रवर्द्धन गर्न
- गुनासो सुनुवाइ तथा समस्याको समाधानबाट जनसन्तुष्टि कायम गर्न
- सार्वजनिक निकायका गतिविधिमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको स्थापना गर्न
- सचेत सेवाग्राही र कर्तव्यनिष्ट सेवा-प्रदायकको विकास गर्न
- स्थानीय तहमा भएका सकारात्मक काम बारे अन्यलाई पनि जानकारी गराउन
- भए गरेका सकारात्मक पक्ष खुला रूपमा सार्वजनिक गर्न
- सुधार गर्नुपर्ने पक्षबारे सुझाव संकलन गर्न

CamScanner

**विधिः**

र्वजनिक सुनुवाइमा प्रयोग गरिएको मुख्य विधि

(१) स्थानीय सरकारका जनप्रतिनिधि संग प्रत्यक्ष संवाद
(२) सार्वजनिक सेवा प्रवाह बारे कर्मचारी संग कुराकानी
(३) अन्य सरोकारवाला संग संवाद
(४) सेवाग्राहीका सुझाव, गुनासा वा अन्य जिज्ञासा संकलन
(५) प्रमुख प्रशासकीय अधिकृतबाट आ.व. २०८१/०८२ को विवरण पेश
(६) विभिन्न शाखा प्रमुख मार्फत वडा स्तरमा उठेका प्रश्नको जवाफ लिइएको
(७) विभिन्न योजनाहरूका लिखित तथा मौखिक प्रश्नहरू संकलन
(८) स्थानीय तहका जिम्मेवार पदाधिकारीहरूले जवाफ लिइ स्पष्ट पारिएको।

**४.कार्यक्रम संचालन गरिएको मिति र स्थान**

<table>
<tr><th>क्र. सं.</th><th>समयको लागत</th><th>वडा नम्बर</th><th>सार्वजनिक सुनुवाइ सम्पन्न मिति</th></tr>
<tr><td rowspan="9"></td><td rowspan="8">सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ अनुसार ढकारी गाउँपालिकाका ८ वटा वडा र गाउपालिका स्तरीय कार्यक्रम गर्दा ११ दिन (२०८२ भदौ ६ देखि १६ गतेसम्म) काम गरेको। जसमा ८ दिन कार्यक्रम गरेको र अन्य दिन तयारी र प्रतिवेदनमा खर्च भएको हो। अन्तिम कार्यक्रम भदौ १५ मा गरिएको छ।</td><td>१</td><td>१५ भदौ, २०८१</td></tr>
<tr><td>२</td><td>११ भदौ, २०८१</td></tr>
<tr><td>३</td><td>१४ भदौ, २०८१</td></tr>
<tr><td>४</td><td>८ भदौ, २०८२</td></tr>
<tr><td>५</td><td>१२ भदौ, २०८१</td></tr>
<tr><td>६</td><td>९ भदौ, २०८२</td></tr>
<tr><td>७</td><td>७ भदौ, २०८२</td></tr>
<tr><td>८</td><td>१३ भदौ, २०८१</td></tr>
<tr><td colspan="2">गाउँपालिका स्तरको सार्वजनिक सुनुवाइ</td><td>१५ भदौ, २०८१</td></tr>
<tr><td colspan="4">सहजीकरण : ध्रुव बीसी, पत्रकार</td></tr>
</table>

**५. कार्यक्रम सञ्चालनको प्रकीया**

- जिम्मेवार ब्याक्तिहरूलाई जवाफदेही बनाउँन आतिथ्यता ग्रहण।
- कार्यक्रमको उद्देश्य बारे जानकारी।
- आव २०८१/०८२ को बजेट नीति र सेवा प्रवाहको अवस्था बारे जानकारी
- सहभागिहरूको प्रश्न, गुनासो तथा सुझाब संकलन।
- अन्य सरोकारवालाहरूका धारणा संकलन।
- जवाफदेही जिम्मेवार निकायका प्रतिनिधीहरूवाट सहभागिका जिज्ञासाको जवाफ।
- प्रतिवद्धता सहित समापन।

CamScanner

**क) सहजकर्ताको छनौट :**

**ढकारी गाउँपालिका अछामले** दक्षता र क्षमताको मापन गर्दै सार्बजनिक सुनुवाई सञ्चालनका लागी रेडियो सोसाइटी एफएमका प्रमुख कार्यकारी निर्देशक तथा नयां पत्रिका राष्ट्रिय दैनिकका सम्बाददाता धुब बीसीलाई सहजकर्ताको रूपमा छनौट गरी पत्राचार गरेको थियो।

**ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**

सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ तथा अन्य ऐन, नियम र अन्य निर्देशिकाको पुर्ण अध्ययन तथा संसोधित ऐन र कार्यबिधी बारे पनि जानकारी गरी छलफल संचालन गरिएको थियो।

**ग) सार्वजनिक सुनुवाईका लागि सुचना तथा प्रचार प्रसार :,**

वडा समिति र पालिकाले सबै सरोकारवालालाई पत्राचार गरेको।

पालिकाको फेसबुक मार्फत पनि सार्वजनिक गरिएको।

रेडियो मार्फत सार्वजनिक सुनुवाईको सुचना प्रशारण गरेको।

सामाजिक परिचालक मार्फत मौखिक सूचना तथा अन्य सञ्जालहरू मार्फत पनिसमन्वय गरिएको थियो।

**घ) सार्वजनिक सुनुवाई सञ्चालन :**

सम्बन्धित वडामा वडाध्यक्ष तथा गाउपालिकामा पालिका अध्यक्षको अध्यक्षता पश्चात उपलब्ध सरोकारवाला निकायका व्यक्ति र नागरिकहरूलाई आशनग्रहण गराएर वार्षिक बजेट, नीति र कार्यक्रम पेश गरेपछि सार्वजनिक सुनुवाइको उद्देश्य माथि प्रकाश पारेर सहभागीहरू बीच दोहोरो सम्वाद गराइएको थियो। त्यसपछि सहभागिका जिज्ञासा र जवाफ प्रस्तुत गरिसकेपछि देखिएका समस्यालाई मुल्यांकन गर्न लगाई सोही अनुसारका प्रतिबद्धता गराउन लगाइयो। त्यसपछि कार्यक्रमको समापन गरियो।

**६) विगतको सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताको पुनरावलोकन**

गत बर्ष आर्थिक वर्षको सार्वजनिक सुनुवाइका सवालहरू यसबर्ष केही सुधारोन्मुख भएको पाइयो। गत आ.व. मा योजना कार्यान्वय, भुक्तानी र सेवा प्रवाहमा देखिएका समस्या यो पटक सुधार भएको भेटियो। तर वडाध्यक्षहरू नियमित कार्यालयमा नबस्ने तथा सिफारिस लिन समेत उनीहरूकै घरमा जानुपर्ने र केहि वडाध्यक्षहरूले निर्ण बिना नै सामान खरिद गर्ने गरेको गुनासो आयो। सामान खरिद बाहेक वडाध्यक्ष अनियमित भएको प्रशंग भने गत आ.व. कै समस्या हो, जुन अहिले पनि सुधार भएको देखिएन्। त्यो बाहेक गत वर्ष अधुरा रहेका केहि योजना यो वर्ष पनि अधुरै रहेको भेटियो। पालिका स्तरमा गत वर्ष गरिएका धेरै प्रतिवद्धता पुरा गरेको पाइयो। तर केहि कुरामा अझै नागरिकको गुनासो भने यथावत देखियो।

उठेका अधिकांश गुनासो खास ठुलो आवश्यकताका विषय भने देखिएनन्। अधिकांश प्रश्न कर्ताको गुनासो समेत उनीहरूको स्वार्थमा केन्द्रित रहेको देखिन्थ्यो। आफुहरूले गरेको काम र त्यसको लाभ संग सम्बन्धित रहेको थियो। समग्र बस्ति र गाउ तथा समाज केन्द्रित साझा गुनासो निकै कम देखियो भने व्यक्तिगत प्रश्न नै बढि सुन्न पाइयो। जुन अडियो र भिडियो हामीले प्रतिवेदन संगै संलग्न गरेका छौं। त्योबाट थप प्रष्ट हुने नै छ।

७) सार्वजनिक सुनुवाइमा उठेका सवाल र जवाफदेही वकाहरूका जवाफ

सवाल......

- वडाध्यक्षहरू नियमित वडा कार्यालयमा नबसेको ।
- सिफारिस लिन वडाध्यक्षको घरमै धाउनु परिरहेको ।
- सडक, बिजुली, खानेपानी र स्वास्थ्य सेवाका अधुरा काम पुरा हुन नसकेको
- कृषि उत्पादन बढाउन सकिएको छैन्, सिंचाइको अभाव छ, खानेपानीको समस्या समेत छ ।
- विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दीले समस्या देखिन्छ ।
- करार शिक्षकले तलब पाएनन् ।
- आनावश्यक बाल शिक्षा खडा गरिएको गुनासो छ ।
- जनप्रतिनिधि मदिरा, जुवातासको लतमा रहेको, जसले सेवा प्रवाहमा समस्या भएको छ ।
- प्रभावकारी टेलिफोन सेवा नहुँदा समस्या भएको छ । नेट समेत प्रभावकारी छैन् ।
- वडा कार्यालयहरूको आफ्नै भवन नहुँदा समस्या छ । वडा नं. ७ र ८ मा आफ्नै भवन माग गरिएको छ भने वडा नं. ५ मा उपयुक्त ठाउमा वडा कार्यालय स्थानान्तणको माग छ ।
- खेलकुदमा लगानी बढाउन र नियमित खेलकुद गराउन माग छ ।
- अन्य सवालमा विकास योजना बारे अधिकांशले आवाज उठाएका छन् ।

जवाफ.....

माथि उल्लेखित सवालमा गाउपालिकाका अध्यक्ष प्रकाश बहादुर सांउद, उपाध्यक्ष नेत्रकलादेबी शाही, वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत नरेशबहादुर बोहरा, निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण शाह लगायतले जवाफ दिनु भएको थियो । उहांहरूले माथि उठेका प्रश्न र माग चालु आर्थिक वर्ष २०८२/८३ मा पुरा गर्ने बचन पनि दिनु भएको छ भने कतिपय पुराना योजना पुरा गर्ने बाचा पनि गर्नु भएको छ ।

ज) प्रतिवद्धताहरूको सार्वजनिकरण :

सार्वजनिक सुनुवाई कार्यक्रममा सवाल जवाफ भईसकेपश्चात अन्त्यमा उठेका सवालहरूलाई सार्बजनिक प्रतिबद्धता मौखिक रूपमा सार्वजनिकरण गरिसकेपछि सहभागि र सरोकारवालाहरूको समर्थनवाट पारित गरियो । जसलाई माथि ७ नम्बरमा उल्लेख गरि प्रतिवेदन तयार गरिएको हो ।

८. कार्यक्रम आयोजना गर्दाका सबल पक्षहरू

- स्थानीयको विकास निर्माण बारे चासो रहेको ।
- छलफलमा उल्लेख्य मात्रामा जनसहभागिता ।
- जिम्मेवार निकाय र व्याक्तिहरूको प्रतिबद्धता ।
- गाउंको विकासमा बिभाजित नभई एक भएर लाग्ने दृढ संकल्प ।

## ९. पारिश्रमिक र अन्य खर्च

- सार्वजनिक सुनुवाई गरे वापत ढकारी गाउँपालिका र सहजकर्ता बिचको पुर्व सम्झौता बमोजिम तपसिल बमोजिमको पारिश्रमिक लिइने छ भने अन्य खर्चपनि तपसिल अनुसार नै अनुमान गरिएको छ। जसको अन्तिम विवरण विल भरपाई अनुसार भुक्तानी हुनेछ।
- सहजकर्ता पारिश्रमीक : १२,०००।- (एक कार्यक्रम वापत्) १२,०००X ८= ९६,०००।- (अक्षेरूपी छयानब्बे हजार रूपैयां मात्र)
- प्रतिवेदन लेखन खर्च : रू २१,०००।-
- सहजकर्ताले लिने रकममा नेपाल सरकारको नियमानुसार कर काटिने छ।
- मसलन्द खर्च : रू. ५,०००।- (अक्षेरूपी पांच हजार मात्र)
- चिया खाजा खर्च : रू ३०,०००।- (अक्षेरूपी तीस हजार मात्र)
- अन्य विविध खर्च : रू. ११,०००।- (अक्षेरूपी एघार हजार मात्र)

## १० कार्यक्रममा उपस्थित सहभागिहरूको संख्या

| उपस्थीति विवरण वडा अनुसार | | विवरण | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| वडा नम्बर : १ | | | | |
| वडा नम्बर : २ | | १८ | ४३ | ६१ |
| वडा नम्बर : ३ | | ९ | ५८ | ६७ |
| वडा नम्बर : ४ | | १२ | ८० | ९२ |
| वडा नम्बर : ५ | | १४ | ७३ | ८७ |
| वडा नम्बर : ६ | | १९ | ९० | १०९ |
| वडा नम्बर : ७ | | ३१ | ८६ | ११७ |
| वडा नम्बर : ८ | | ८ | ४४ | ५२ |
| वडा नं. १ र गाउँपालिका स्तरको संयुक्त कार्यक्रमका सहभागिको संख्या | | २४ | ८३ | १०७ |
| | जम्मा संख्या | १३५ | ५५७ | |
| | | | कुल जम्मा | ६९२ |

CamScanner

## ११. जवाफदेही वक्ताहरूको नाम

| क्र. स. | जवाफदिने वक्ता | पद | प्रतिनिधित्वको क्षेत्र |
|---|---|---|---|
| १ | प्रकाश बहादुर साउंद | अध्यक्ष, ढकारी गाउँपालिका | |
| २ | नेत्रकला देबी शाही | उपाध्यक्ष | |
| ३ | लक्ष्मण साह | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | उमाबहादुर बुढा | वडाध्यक्ष | |
| ५ | चन्द्रबहादुर सांउद | वडाध्यक्ष | |
| ६ | चन्द्र बहादुर बुढा | वडाध्यक्ष | |
| ७ | उद्धवराज उपाध्याय | वडाध्यक्ष | |
| ८ | प्रकाश बहादुर थापा | वडाध्यक्ष | ढकारी गाउँपालिका |
| ९ | रामबहादुर थापा | वडाध्यक्ष | |
| १० | कर्णबहादुर साउद | वडाध्यक्ष | |
| ११ | खडक साउंद | नेपाली कांग्रेस | |
| १२ | टोपबहादुर शाही | उपसचिव नेकपा एमाले | |
| १३ | चन्द्र भण्डारी | ढकारी प्रहरी चौकी इन्चार्ज | |
| १४ | तुलाराम उपाध्याय | नेकपा माओवादी केन्द्र | |
| १५ | सबै शाखा प्रमुखहरू | ढकारी गाउपालिका, अछाम | सबै शाखा |
| | मीना राई | प्रतिनिधि | सहास नेपाल |
| सहजकर्ता : ध्रुव वीसी पत्रकार | | | |

**विवरण पेश गर्ने व्यक्तीहरू :**

१. बिमल साउंद लेखा प्रमुख आर्थीक वर्ष २०८१/८२आयव्यय विवरण

२. गौतम बिष्ट इन्जिनियर भौतिव पुर्वाधार विवरण

३. जनक प्रसाद उपाध्याय आ.ले.प. अधिकृत सेवा प्रवाहको अवस्था

CamScanner

८. फोटोहरू  वडा नं. ७



(२) वडा नम्वर ४



CamScanner





CamScanner

(५) वडा नम्बर ५



(६) वडा नम्बर ८




CamScanner


७) वडा नम्वर ३



(८) वडा नम्वर १ र गाउपालिका स्तरको सार्वजनिक सुनुवाइका फोटोहरू




CamScanner



ध्रुव बीसी
सहजकर्ता
९८५११३०९६५

CamScanner